आकाश भैरब
AAKASH BHAIRAB
In House Journal

नेपाल वायुसेवा

Vol. 38, No. 1 (Shrawan- Bhadra 2076) August - September 2019

निगमको ६१औं वार्षिकोत्सव विभिन्न कार्यक्रमसहित सम्पन्न

नेपाल वायुसेवा निगमको ६१औं वार्षिकोत्सव असार १६ गते विभिन्न कार्यक्रम गरी मनाइयो । निगम गीतबाट प्रारम्भ भएको समारोहको पानसमा बत्ती बाली प्रधानमन्त्री के.पी. शर्मा ओलीले औपचारिक समुद्घाटन गर्नुभयो ।



समारोहलाई संबोधन गर्नुहुँदै प्रधानमन्त्रीले निगमले विभिन्न क्षेत्रको सुधार गरी आफूलाई प्रतिष्ठित संस्थाको रूपमा स्थापित गराउनुपर्ने बताउनु भयो । उहाँले गन्तव्यहरू विस्तार गर्नुका साथै भएका विमानहरूबाट अधिकतम उडान गरी आफ्नो आर्थिक क्षमता बढाउनुका साथै नेपालको पर्यटन प्रवर्द्धनमा ठोस योगदान पुऱ्याउन सल्लाह दिनुभयो । प्रधानमन्त्रीले वायुसेवालाई सफल पार्ने कार्य महत्वपूर्ण भएकाले सेवालाई दानपुण्य मात्र नसम्झी व्यावसायिकतामा सक्रिय रहन आग्रह गर्नुभयो ।

निगमको हितमा सरकारले काँध थाप्ने भए पनि संस्थाका तर्फबाट पनि त्यसै अनुसारको सक्रियता अवलम्बन गर्ने र सरकारकोमात्र मुख ताक्ने बानी छाड्नु पर्दछ भन्नुभयो । आफूले युरोप भ्रमणको क्रममा निगमले उडान गर्न पाउनुपर्छ भनी प्रयास गरेको जानकारी पनि उहाँले गराउनु भयो ।

बाँकी ४ पेजमा

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीलाई निगममा स्वागत

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईले नेपाल वायुसेवा निगमले आफूसँग भएका जहाज पूर्ण उपयोग गरी कमाई बढाउन, जनशक्तिको पूर्ण सदुपयोग गर्न, राज्यले गरेको लगानीको प्रतिफल आउने गरी कार्ययोजना अगाडि बढाउन सल्लाह दिनुभयो ।

वायुसेवा निगमका उच्च पदाधिकारीहरूसँग भएको छलफल कार्यक्रममा उहाँले विमान संचालन गर्ने संस्थाले विमान थप्दै जानु आवश्यक हो तर विमान खरीद प्रक्रियालाई पूर्ण पारदर्शी बनाई बाहिर कुरा काट्ने स्थिति नआउने वातावरण बनाउनु पर्दछ भन्नुभयो ।



मन्त्री भट्टराईले विगतमा दुर्गम क्षेत्रमा गरेको सेवा उल्लेखनीय रहेको सम्झना दिलाउँदै अवका दिनमा पनि समय सापेक्ष स्तरीय सेवा प्रदान गर्न सक्रिय रहनु पर्ने धारणा व्यक्त गर्नुभयो । निगमलाई आन्तरिक समझदारीको जगमा सुदृढ बनाउन र योग्यलाई उचित काम सुम्पेर प्रतिफल लिन पनि सुझाव दिनुभयो ।

उहाँले विमानस्थलहरूको संख्या थपिँदै गएको सन्दर्भमा सबैतिर सेवा पुऱ्याउन सल्लाह दिँदै आगामी मंसिरमा निजगढ विमानस्थलको शिलान्यास गरिने जानकारी गराउनु भयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका निमित्त सचिव सुरेश आचार्यले

बाँकी ४ पेजमा

सम्पादकीय

संस्थालाई निरन्तर सक्रियता प्रदान गर्नुका साथै सरकारको नीति र कार्यक्रमलाई सघाउ पुऱ्याउनमा नेपाल वायुसेवा निगम अगाडि नै रहेको छ । सन् २०२० लाई नेपाल भ्रमण वर्षको रूपमा मनाउने सरकारी कार्यक्रमलाई सघाउ पुऱ्याउन निगमले त्यसैअनुसार आफ्नो गतिशिलता बढाएको छ । त्यसवर्ष २० लाख पर्यटक भित्र्याउने लक्ष्य राखिएको छ, त्यसका लागि अन्तर्राष्ट्रिय क्षेत्रबाट धेरै भन्दा धेरै पर्यटक भित्र्याउन सबभन्दा महत्वपूर्ण भूमिका निगमको रहने निश्चित छ । त्यसैले निगमले अन्तर्राष्ट्रिय गन्तव्य बढाउदै भएका विमानहरूको उडान समय वृद्धि गर्न तद्अनुरूप कार्यनीति अपनाएको छ । अगष्ट २९ देखि जापानको ओसाकामा उडान थालिदैछ भने चीनसँग भएको हवाई उडान सम्बन्धी संझौताको पुनरावलोकनले चीनका विमानस्थलहरूसम्म पनि नेपाल वायुसेवा निगमको पहुँच पुग्ने संभावना बढेको छ ।

निकट भविष्यका संभावनाका साथै युरोपको उडान खोल्नमा सरकारले गरेको प्रयासले सफलता पायो भने निगमको लागि उपलब्धिका पर्याप्त बाटाहरू खुल्ने छन् । यतिखेर विमानहरूको उडानको पूर्ण क्षमता उपयोग गर्न सकिएको छैन र कतिपय समस्याहरूको सामना पनि गर्नु परिरहेको छ । निश्चय नै निगम व्यवस्थापन वर्तमान समस्याहरू समाधान गर्नुका साथै उपलब्धिपूर्ण भविष्यको संभावना पनि पहिल्याउँदैछ । सबै काम एकैपल्ट हुन्छ भन्ने पनि होईन, तर गर्दै जाँदा असंभव भने केही पनि हुँदैन ।

निगमले अर्को पक्षमा पनि दृष्टि पुऱ्याएर त्यस अनुसारको काम थालेको छ । अन्तर्राष्ट्रिय जगतबाट नेपाल भित्रिने पर्यटक केवल राजधानीको सेरोफेरोमा मात्र सिमित नरही देशका विभिन्न भागहरूको अवलोकन गर्न चाहन्छन्, उनीहरूलाई देशभित्रका पर्यटकीय गन्तव्य पुऱ्याउन आन्तरिक उडानहरूको पनि राम्रो व्यवस्था हुनु पर्दछ । यसै पक्षलाई दृष्टीगत गरि निगमले आन्तरिक उडानहरूलाई पनि व्यवस्थित र नियमित गर्ने कार्य प्रारम्भ गरेको छ । जस अनुसार पर्यटकीय महत्व बोकेका आन्तरिक विमानस्थलहरूमा परीक्षण उडान र त्यसपछिको नियमित उडानको प्रक्रिया प्रारम्भ गरिएको छ । यो पनि नेपाल भ्रमण वर्षलाई सघाउ पुऱ्याउने अर्को कदम हो । विभिन्न पक्षमा थालिएको सुधारका कार्यक्रमहरूले निगमलाई सुदृढ बाटोमा डोऱ्याउन मद्दत पुग्ने विश्वास गर्न सकिन्छ ।

बढी पर्यटक बोक्ने नेपाल वायुसेवा

सन् २०१८ मा राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम सबैभन्दा बढी विदेशी पर्यटक बोक्ने एयरलाइन्समध्ये पहिलो स्थानमा पुग्न सफल भएको छ ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले हालै सार्वजनिक गरेको नेपाल टुरिज्म स्टाटिक्स-२०१८ अनुसार बढी पर्यटक बोक्ने मुख्य पाँच एयरलाइन्समध्ये नेपाल एयरलाइन्स पहिलो भएको छ । अघिल्लो वर्ष एक नम्बरमा भएको भारतको जेट एयरलाइन्सलाई उछिन्दै एक नम्बरमा स्थान जमाएको हो । बढी पर्यटक बोक्ने एयरलाइन्सको दोस्रोमा जेट एयरवेज, तेस्रोमा कतार, चौथोमा फ्लाई दुबई र पाँचौमा एयर अरेविया रहेको छ ।

निगमको वार्षिक प्रतिवेदन अनुसार पनि २०१८ मा नेपालमा अन्तराष्ट्रिय उडान भर्ने वायुसेवा प्रदायक कम्पनीमा नेपाल एयरलाइन्स पहिलो स्थानमा पुग्न सफल भएको छ । उक्त अवधिमा निगमले ४ लाख ९३ हजार १ सय ७० यात्रुलाई सेवा दिँदै आफ्नो बजार हिस्सा ११.१७ प्रतिशत ओगट्न सफल भएको छ । निगमले भारतका तीन गन्तव्यसहित ६ देशका ८ गन्तव्यमा अन्तर्राष्ट्रिय उडान भर्दै आएको छ ।

सम्पादक मण्डल

प्रधान सम्पादक	:	कृष्णगोपाल जोशी
कार्यकारी सम्पादक	:	प्रतिभा शर्मा
सम्पादक	:	डोलराज पाण्डेय
सह-सम्पादक	:	कल्पना काफ्ले
सल्लाहकार सम्पादक	:	पुरू रिसाल
फोटो सल्लाहकार	:	हरि गोपाल प्रधान
प्रकाशक	:	वाह्य, जनसम्पर्क तथा प्रचार प्रसार महाशाखा संस्थागत विभाग, नेपाल वायुसेवा निगम www.nepalairlines.com.np
विभागीय प्रतिनिधिहरू	:	जीवन कुमार भट्टराई, मानव संशाधन राजकुमार खड्का, अर्थ सुधन कुमार श्रेष्ठ, यात्रुसेवा नहकुल प्र. श्रेष्ठ, सा. से. तथा सं. व्यवस्थापन चन्द्र बहादुर बलम्पाकी, वाणिज्य विदीत देवकोटा, ग्राउण्ड सपोर्ट पूर्णकुमार पुलामी, कन्टिन्यूइङ् एयर वर्दिनेश मेनेजमेन्ट राम नारायण पाण्डे, आन्तरिक लेखा परीक्षण सञ्जय कुमार देव, क्वालिटी एसुरेन्स एण्ड फ्लाइट सेफ्टी गोपाल प्र. तिवारी, इन्जिनियरिङ्ग मेन्टिनेन्स विभाग कमल अर्याल, अपरेशन्स्

नारितामा चार्टर उडान गरिने

नेपाली समुदाय बस्ने कयौं राष्ट्रहरू मध्ये एक जापान पनि हो । जापानमा बस्ने नेपाली समुदायको चाहना एवम् जापानीज नागरिकहरूको मांगलाई मध्य नजर गर्दै नेपाल वायुसेवा निगमले अगष्ट २९ तारिख २०१९ बाट जापानको ओसाकामा नियमित उडान गर्ने भएको छ ।

ओसाकाका नियमित उडानका साथै निगमको विमानबाट नारिता विमानस्थलसम्म २ वटा चार्टर उडान समेत हुने भएको छ यस सम्वन्धमा सुमेघ टुर्स एण्ड ट्राभल प्रा.लिसँग सम्झौता भएको छ ।

यी चार्टर उडान काठमाडौं -नारिता-काठमाडौं बीच सेप्टेम्बर र अक्टोबर महिनामा हुनेछन् र पहिलो उडान २६ सेप्टेम्बर बिहिबार काठमाडौंवाट नारिता गई २७ सेप्टेम्वर शुक्रबार काठमाडौं फर्कने छ । यस्तै दोश्रो उडान अक्टोबर २ तारिख बुधबार गई अक्टोवर ३ तारिख बिहीबार फर्कने छ ।

चार्टरका लागि काठमाडौं-नारित - काठमाडौंको उडान १४ घण्टा मिनेटको हुनेछ । नेपाल वायुसेवा निगमको वाईडवडी ए३३३-२०० विमानबाट जापानको नारितासम्मको चार्टर उडानको थालनी हुने भएको छ, यसले जापान उडानमा नयां बाटो खालेको छ ।

नारिता र ओसाका उडानले नेपाल र जापानको पर्यटन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुग्नुका साथै यात्रुहरूले सुविधापूर्ण सेवा पाउने छन् ।

निगमलाई ISO Certificate प्राप्त ।

नेपाल वायुसेवा निगमले हालै ISO Certificate प्राप्त गरेको छ । निगम मातहतमा रहेको कन्टीन्यूङ्ग एयरओर्दीनेश मेनेजमेण्ट विभागले उक्त ISO 9001:2015 Certificate (International organization for Standardization Certificate) प्राप्त गरेको हो । अन्तर्राष्ट्रिय मान्यता प्राप्त सो प्रमाण पत्र प्राप्त संगै निगमले अर्न्तराष्ट्रिय स्तरमा आफ्नो छुट्टै छवि कायम गरेको छ । विशेषगरी यो प्रमाण पत्र पाईसकेपछि निगमलाई अन्तर्राष्ट्रिय स्तरको Quality Management System कायम गर्न थप चुनौति थपिने देखिन्छ । यो प्रमाण पत्र विभागले मितिः ११ जुन २०१९ मा प्राप्त गरेको हो । उक्त प्रमाण पत्र को नम्बर 107074/A/0001/UK/En Issued No: 1 रहेको छ, Date of Issue 11 June 2019 र Date of Expire 10 June 2022 सम्म रहेको छ । यसलाई निस्चित समयमा अध्यावधि गर्नु पर्दछ । यस अघि निगमले ग्राउण्ड ह्यान्डलीङ्गमा देखाएको उत्कृष्ट कौशलतालाई मध्य नजर गरि अन्तर्राष्ट्रिय स्तरको ISAGO Certificate प्राप्त गरेको थियो । निगमले एक पछि अर्को गर्दै अन्तर्राष्ट्रिय स्तरका प्रमाण पत्रहरू प्राप्त सगै अन्तर्राष्ट्रिय स्तरमा निगमको छवि उच्च हुदै गईरहेको छ । ISO 9001:2015 Certificate प्राप्त भए पछि निगमलाई अन्तर्राष्ट्रिय खुला प्रतिस्पर्धामा विश्वसनीयताको बृद्धि हुने छ । विशेष गरि जहाजका पार्ट पूर्जाहरू उत्पादन तथा बिक्री वितरण साथै मर्मत संभार गर्ने विभिन्न कम्पनीहरूसँग काम गर्न अब निगमलाई सहजता मिल्ने छ । निगमलाई अन्तर्राष्ट्रिय स्तरमा हेर्ने दृष्टिकोणमा फरकपन आउने छ । नयाँ कम्पनीहरूसँग सहकार्य गर्न सहज हुने, अन्तर्राष्ट्रिय बजारमा निगमको उपस्थिती बलियो रहने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कारोबारमा गुणस्तरीयता, विश्वसनीयता साथै पारदर्शिता कायम हुने लगायतका विभिन्न फाईदाहरू हुने छन् । साथै यो प्रमाण पत्र प्राप्त सगै निगमले आफ्ना सेवाग्राहीहरूलाई निरन्तर उपलब्ध गराउने बस्तु तथा सेवा सुविधामा अर्न्तराष्ट्रिय स्तरको गुणस्तरीय एंवम् विश्वसनीय बनाईराख्न निगमलाई चुनौती थपिएको छ ।



भूमिस्थ सेवालाई थप सुविधायुक्त बनाइने

नेपाल वायुसेवा निगमले जिम्मा पाएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भूमिस्थ सेवालाई थप स्तरीय प्रदान गर्न विभिन्न उपाय अवलम्बन गरेको छ ।

निगमले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय विमान कम्पनीहरूलाई प्रदान गर्दै आएको भूमिस्थ सेवालाई सुरक्षित र गुणस्तरीय छ भनी IATA ले ISAGO प्रमाण पत्र समेत प्रदान गरिसकेको छ । साथै निगमसंग भएका स्रोत साधनलाई उच्चतम प्रयोग गर्ने र अपुग स्रोत साधन खरीद गरी आफ्नो सेवालाई सदाझैं गुणस्तरीय र सुरक्षित बनाउने उद्देश्यले प्रेरित हुँदै आक्रामक ढंगले भूमिस्थ सेवाको लागि विभिन्न उपकरणहरू खरीद गर्ने प्रक्रिया अगाडि बढाइएको छ । पहिलो चरणमा यात्रु तथा क्रु मेम्बर बोक्ने चार वटा च्याम्प बस खरिदको प्रक्रिया अगाडि बढाइएको छ । यी बसहरू आएपछि बिजनेस क्लास र क्रुहरूले छुट्टै बसको सुविधा पाउनेछन् भने अरू यात्रुहरूलाई पनि थप सुविधा मिल्नेछ ।

भूमिस्थ सेवामा प्रयोग भएका तर अहिले पुराना भै उपयोगमा आउन नसक्ने उपकरणहरूलाई लिलाम प्रक्रियाद्वारा विस्थापन गरिएको छ । यसरी लिलामी प्रक्रियाबाट विस्थापन गर्दा निगमलाई ३२ लाख ६४ हजार ४४४ रूपैयाँ आम्दानी भएको छ । पुरानालाई विस्थापित गर्दै नयाँ प्रविधियुक्त थप उपकरण जस्तै टोबार लेस ट्रयाक्टर, कन्टेनर डली, प्यालेट डली, इलेक्ट्रिक फर्कलिफ्ट आदि खरीद गरिने कार्य अघि बढिसकेको छ । सम्पूर्ण उपकरणहरू आएटा मापदण्ड पूरा गरेका

बाँकी ६ पेजमा

Thought for To-Day

Always remember that your personality is your big asset. Do not try to emulate another person. Real personality comes from the heart.

-Thomas Watson

निगमको ६१औं ...

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री धनबहादुर बुढाले निगमले दुर्गम क्षेत्रलाई उडानको माध्यमले सुगम बनाउन खेलेको भूमिका स्मरण गर्नुहुँदै अन्तर्राष्ट्रिय उडानको माध्यमले बढी भन्दा बढी पर्यटक भित्र्याउन पनि सक्रियता साथ लाग्नु पर्दछ भन्नुभयो । निगमको विकास विस्तारमा सरकारको तर्फबाट निरन्तर सहयोग रहने आश्वासन दिनुहुँदै निगमले पनि आफ्नो क्षमता र कार्यकुशलता विस्तार गर्दै लैजानुपर्ने बताउनु भयो ।

निगमका कार्यकारी अध्यक्ष मदन खरेलले निगमले गएको साउनदेखि चैत्रसम्म सात अर्व ५४ करोड रूपैया कमाएको छ जुन आम्दानी अघिल्लो वर्षको सोही अवधिमा ३ अर्व ८४ करोड मात्र भएको कुरा उल्लेख गर्नुभयो । उहाँले यात्रु संख्यामा उल्लेखनीय बृद्धि भएकोले आम्दानी बढाउन सकिएको भन्नुहुँदै यस वर्ष सोही अवधिमा यात्रु संख्यामा बृद्धि भई ३ लाख ४८ हजारबाट बढेर ५ लाख ६९ हजार पुगेको जानकारी गराउनुभयो । कार्यकारी अध्यक्ष खरेलले सरकारसँग माग गरिएको २० अर्ब रूपैयाबाट पूँजी बृद्धि गरिने बताउनु भयो ।

कार्यकारी अध्यक्षले विमानहरूको मर्मत सम्भार गर्ने जनशक्ति तयार गरेको परिणामस्वरूप मासिक ५०/६० लाख बचत गर्न सकिने उल्लेख गर्नुभयो ।

समारोह समितिका संयोजक एवं नायव महाप्रवन्धक गणेशबहादुर चन्दले स्वागत मन्तव्य व्यक्त गर्दै निगमको सुधार र विस्तारबारे अवगत गराउँदै आफ्ना विमानहरूको पूर्ण क्षमतामा उपयोग गर्ने तर्फ निरन्तर प्रयास जारी रहेको उल्लेख गर्नुभयो ।

धन्यवाद ज्ञापन गर्नुहुँदै समारोह समितिका सदस्य सचिव एवं संस्थागत विभागका निर्देशक कृष्ण गोपाल जोशीले निगमको आफ्नो प्रतिष्ठा बृद्धिका साथै पर्यटन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउन सक्रियता अवलम्बन गरेको बताउँदै प्रधानमन्त्रीले आत्मीयता प्रदर्शन गर्नु भएकोमा आभार व्यक्त गर्नुभयो ।

आधिकारीक ट्रेड युनियनका अध्यक्ष सुवास डाँगीले कृषि, जलस्रोत जस्तो सिमित परिधिमा नरही पर्यटन असिमित क्षेत्र ओगट्ने विषय भएकोले यसको विकासमा विशेष रूपमा लाग्नुपर्ने बताउनु भयो । उहाँले निगममाथि समय समयमा आक्रमण प्रत्याक्रमण हुने गरेकोमा कामको आधारमा त्यसको प्रतिवाद गर्नुपर्दछ भन्नुभयो । नेवानि कर्मचारी संघका अध्यक्ष तारिणी राज दाहालले यस्तो समारोहमा ३३ वर्षपछि प्रधानमन्त्री उपस्थित हुनु भएकोमा प्रसन्नता व्यक्त गर्दै निगमको पूँजीबृद्धि सहित ह्याङ्गर निर्माणमा सरकारको सहयोग माग गर्नुभयो । समारोहका अन्त्यमा विविध साँस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

संस्कृति, पर्यटन ...

निगमको ऋण र पूँजीमा सन्तुलन आवश्यक छ र त्यसमा सरकारको

सकारात्मक सहयोग रहने तर स्पष्ट व्यावसायिक योजना प्रस्तुत गर्न आव्हान गर्नुभयो ।

निगमका कार्यकारी अध्यक्ष मदन खरेलले निगमले गरेका उपलब्धि बारे प्रकाश पार्दै अघिल्लो वर्ष ६ लाख ५० हजार यात्रु बोकेर अन्तर्राष्ट्रिय उडानमा सवभन्दा बढी यात्रु बोक्न सफलता पाएको थियो र ८६ प्रतिशत सीट क्षमतामा उडान गरिएको थियो भन्नुभयो ।

निगमले सेवाको स्तर बृद्धि गर्नुका साथै सुरक्षालाई उच्च प्राथमिकतामा राखी अगाडि बढेको बताउँदै पूँजी र ऋणबीच सन्तुलन हुनुपर्छ भन्ने अवधारणाले सरकारबाट रू.२० अर्वको लगानी खोजेको बताउनुभयो । उड्डयन जस्तो संवेदनशील र तरल विषयमा आरोह अवरोह आउनु स्वाभाविक हो भन्नुहुँदै निगमको भविष्य उज्यालो रहेको उल्लेख गर्नुभयो ।

आधिकारिक ट्रेड युनियनका अध्यक्ष सुवास डाँगीले बढदो उड्डयन क्षेत्रलाई ध्यानमा राखी निगमका लागि एकमुष्ठ १५ वटा विमान किन्नुपर्ने बताउँदै क्षमतावान संस्था बनाउन सामुहिक प्रयास आवश्यक रहेको बताउनुभयो ।

जापानमा पि.एस.ए. नियुक्त

नेपाल वायूसेवा निगमले जापानको उडानवाट हुने राजश्व वृद्धिको लक्ष्यलाई उच्च महत्व दिएको छ । निगमले उक्त उडानवाट व्यवसाय र सेवा दुवैलाई समायोजन गरी मुनाफामुखी प्रतिफलका लागि एडभान्स ग्लोबल ट्रान्सपोर्ट (एजीटी) कम्पनी लिमिटेड, जापानलाई पि.एस.ए. नियुक्त गरेको छ ।

एजीटी, जापानको सर्वाधिक ख्याति प्राप्त ट्राभल्स एजेन्ट एच.आई.एस. समूहवाट सम्बर्द्धन प्राप्त समूह हो । यस समूहसँगको सहकार्ययुक्त एजीटीले नेपाल जापान उडानको निरन्ततालाई थप सशक्त पार्ने अपेक्षा गरिएको छ ।

नेपाल-जापानको उडानमा निगमलाई आवश्यक यात्रु उपलब्ध गराउने सुनिश्चितताको आधारमा एजिटीलाई पि.एस.ए. नियुक्त गरिएको छ ।

निगमले गर्ने व्यावसायिक उडानमा यात्रुको संख्या थप हुँदै जाँदा निर्धारित गन्तव्यप्रतिको आकर्षण बढ्नेछ ।

पूर्ण तयारीका साथ जापानको उडान निरन्तरतालाई समेत मध्यनजर गर्दै एस.जी.टी. जापान सँगको सम्झौतालाई कार्यान्वयन गरेको छ । सन् २००८ वाट निगमको जापान उडान बन्द रहेको थियो ।

राष्ट्रिय ध्वजाबाहक निगमको अन्तर्राष्ट्रिय उडानले दुई देश बीचको सम्वन्धलाई जनस्तरमा समेत स्थापित एवम् प्रभावित गर्ने भएकोले निगम आफ्नो गन्तव्य निर्धारण गर्नुका साथै यसको निरन्तता एवम् व्यावसायिक प्रवर्द्धनमा समेत केन्द्रित भएको छ ।

निगमले नेपाल जापानको उडान प्रारम्भ गर्ने क्रममा पि.एस.ए. को रूपमा नियुक्त एजीटी कम्पनी लि. सँगको सहकार्यले भविष्यमा दुवै को सम्वन्धमा सुदृढता एवम् व्यावसायिक दीगोपना प्रदान गर्ने विश्वास लिएको छ ।

निगमको ६१औं वार्षिकोत्सवको झलक

















विभागीय समाचार
(मानव संशाधन विभाग)

जेष्ठ

अवकाश

क्र.सं	कर्मचारीको नाम	तह	पद
१	अन्जन दत्त कोइराला	९	सुपरिटेन्डेन्ट ए.एम.ई
२	मुकुन्द संजेल	७	बरिष्ठ प्राविधिक अधिकृत
३	बिमलेश झा	६	अधिकृत
४	रबिन्द्र लाल अमात्य	६	अधिकृत
५	बाबुराम बरूवाल	४	सहायक
६	काली बहादुर बोहरा	३	हेड लोडर/स्वीपर
७	तुल बहादुर बिश्वकर्मा	२	बरिष्ठ लोडर/स्वीपर
८	प्रिया लक्ष्मी श्रेष्ठ	७	क्याबिन क्रु सुपरभाइजर
९	राम बहादुर दाहाल	४	सहायक
१०	पारू राई	७	क्याबिन क्रु सुपरभाइजर
११	दिपाल शेरचन	९	बरिष्ठ क्याप्टेन

सरूवा/ पद स्थापना

क्र.सं	कर्मचारीको नाम	तह	पद	विभाग वाट /यहां
१	पवन ग्वाछा	७	इञ्जिनियर	कन्टिन्यूइङ्ग एअर ओर्दिनेश / इञ्जिनियरिङ मेन्टिनेन्स
२	अरूण कुमार राउत	७	इञ्जिनियर	कन्टिन्यूइङ्ग एअर ओर्दिनेश / इञ्जिनियरिङ मेन्टिनेन्स
३	राकेश कुमार साह	६	प्राविधिक अधिकृत	इञ्जिनियरिङ मेन्टिनेन्स/ क्वालिटी एस्योरेन्स तथा फ् लाइट सेफ्टी
४	तुलसी राम थापा	६	अधिकृत	भद्रपुर स्टेशन/ यात्रुसेवा विभाग
५	अभय कुमार साह	५	बरिष्ठ प्राविधिक	इञ्जिनियरिङ मेन्टिनेन्स/कन्टिन्यूइङ्ग एअरओर्दिनेश

असार

राजीनामा

क्र.सं	कर्मचारीको नाम	तह	पद
१	दिनेश भट्टराई	६	लेखा अधिकृत

अवकाश

क्र.सं	कर्मचारीको नाम	तह	पद
१	राजन मानन्धर	९	बरिष्ठ क्याप्टेन
२	बिनोद कुमार चौधरी	७	बरिष्ठ प्राविधिक अधिकृत
३	अमिता श्रेष्ठ	७	बरिष्ठ लेखा अधिकृत
४	राजेन्द्र रेग्मी	७	बरिष्ठ प्राविधिक अधिकृत
५	कमल दास श्रेष्ठ	५	हेड हेल्परसुपरभाइजर

आन्तरिक लेखा परीक्षण

आन्तरिक लेखा परीक्षण विभागको आ.व. २०७५।७६ को स्वीकृत कार्ययोजना अनुसार्रे तेस्रो चौमासिक (१ चैत्र २०७५ देखि ३१ आषाढ २०७६) लेखा परीक्षण सम्पन्न गरेको छ । उक्त लेखा परीक्षण प्रतिवेदनलाई कार्यकारी अध्यक्षको कार्यालयमा पेश गर्नुका साथै सम्बन्धित विभागहरूमा पठाइएको छ । आ.व. को कार्य योजना अनुसार कार्य प्रारम्भ गरिएको छ ।

भूमिस्थ सेवालाई ...

हुनाले सेवा पनि चुस्त र दुरूस्त हुनेछ । निगमको भूमिस्थ सेवाको अन्तर्राष्ट्रिय विमान कम्पनीहरूले प्रशंसा गरेका छन् ।

सिता लोड कन्ट्रोल सिस्टम अन्तर्गत यात्रुहरूको व्यागेज ट्र्याकिङ्ग प्रणालीको स्तरोन्नति गर्ने काम भएको छ । यसबाट निगमको उडानमा यात्रा गर्ने यात्रुहरूको व्यागेज थप व्यवस्थित किसिमले ह्याण्डलिङ गर्न मद्दत पुगेको छ ।

आन्तरिक उडानका यात्रुहरूलाई सहयोग पुगोस् भन्ने उद्देश्यले निगमले आन्तरिक तर्फ त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा समेत टिकट विक्री कक्ष खोलेको छ । यसबाट आन्तरिक उडानमा यात्रा गर्ने यात्रुहरूलाई टिकट खरीद गर्न तथा कार्गो बुक गर्न सहज भएको छ । जसले गर्दा निगमको आयस्रोतमा पनि थप वृद्धि भएको छ ।

Ground Support Department

LOST AND FOUND RECORD SUMMARY

S.N	Year	Months	Found Materials/Goods (in Frequency)								Staff	Handed over to concerned Airlines		Remarks
			Mobiles	Different types of movie and still camera	Money and wallets	i-phone, i-pod, i-pad, tablets, etc.	Passport	Note	Other electronic appliances / items, games, pendrives, etc.	Total pcs		Crew	Paxs	
1	2019	May	2	0	4	7	0	1	10	24	24	0	0	
2	2019	June	5	2	1	5	0	0	6	19	19	0	0	
Total			7	2	5	12	0	1	16	43	43	0	0	

नोटः उपरोक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमान स्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छोडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले पाई सम्बन्धीत ठाँउमा बुझाएका सामानहरूको हो ।

तालिम सम्बन्धी गतिविधि

निगमका विभिन्न विभागका कर्मचारीहरूको लागि आयोजित Root Cause Analysis तालिम सम्पन्न भएको छ । तालिम महाशाखा अन्तर्गतको कुलेश्वरस्थित तालिम केन्द्रमा मिति २०७६ श्रावण ११ र १२ गते आयोजित उक्त तालिममा १६ जनाको सहभागिता रहेको थियो । विशेषत निगमको प्राविधिक तर्फका कर्मचारीहरूको लागि लक्षित उक्त तालिम हवाईसेवामा अत्यावश्यक रहेको Root cause सम्बन्धमा विस्तृत जानकारी प्रदान गरिएको थियो ।

यसैगरी, तालिम केन्द्र कुलेश्वरमा कम्प्युटर अनलाईनमा आधारित (CBT) तालिम सञ्चालन आरम्भ भई हालसम्म करिव २५ जना कर्मचारीहरूले तालिम हासिल गरिसकेका छन् । निगमको एअरबस ए-३३० र ए-३२० सँग सम्बन्धित विमान चालकहरू सहभागी भईरहेको उक्त तालिममा अपरेसन्स विभागको क्रु तालिम महाशाखाद्वारा तयार पारिएको समयतालिका अनुसार सहभागीले स्वयम् तालिम लिन सकिने व्यवस्था रहेको छ ।

साथै निगमले हालै उडान सञ्चालन गर्न लागेको नयाँ अन्तराष्ट्रिय स्टेशन जापानको ओसाकाको लागि लक्षित गरि क्याविन क्रुहरूको लागि जापानिज भाषाको कक्षा सम्पन्न भएको छ । विभिन्न समूहमा गरी करिव १०० जना सहभागी उक्त भाषा कक्षामा निगमकै यात्रुसेवा विभागका वरिष्ठ अधिकृत कुल बहादुर अधिकारी, निगमकै पूर्व वरिष्ठ विमान परिचारिका रेनु राई लगायत निगम बाहिरका प्रशिक्षकहरूले प्रशिक्षण प्रदान गर्नुभएको थियो ।

यसैगरी महाशाखाले तयार पारेको कार्यतालिका र अन्य विभागबाट माग भए बमोजिम अंग्रेजी भाषा कक्षा सञ्चालन गरेको छ । निगमका विभिन्न विभागका प्रशासन र लेखा समुहका वरिष्ठ अधिकृत र अधिकृतहरूलाई उक्त तालिम प्रदान गरिएको हो । महाशाखाले हालै हवाई सुरक्षा सम्बन्धमा अत्यावश्यक हुने SMS र Aviation Securiity सम्बन्धी तालिम सम्पन्न गरेको छ ।

भ्रमण वर्ष २०२०

भ्रमण वर्ष २०२० का लागि संभवतम सहयोग पुऱ्याउनु पर्ने तर्फ निगमले सक्रियता अपनाएको छ । यसको लागि नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष मदन खरेलले निगमको कार्यकारी समितिलाई निगमको आन्तरिक तयारीको क्रमलाई थप तीव्रता दिन निर्देशन दिनु भएको छ ।

सरकारद्वारा घोषित पर्यटन वर्ष २०२० नेपालको पर्यटन प्रवर्द्धनका लागि सर्वाधिक महत्वपूर्ण अवसर भएकोले नेपाल वायुसेवा निगमले रचनात्मक एवम सृजनात्मक भूमिक खेल्नुपर्ने विषेश अवसरका रूपमा लिएको छ र सम्पूर्ण शक्ति लगाउने तर्फ प्रयास केन्द्रीत गरेको छ । अन्तर्राष्ट्रिय तर्फ निगमले प्रदान गरिरहेको सेवाका उल्लेखनीय रहेको सन्दर्भमा आन्तरिक तर्फ योजनावद्ध तयारी एवम् व्यवस्थापनमा केन्द्रित हुन निगमले थालनी गरेको छ । यसै सन्दर्भमा आन्तरिक उडड्यन तर्फ श्रावण १८ गते चौरभारी र ताप्लेजुङ्गमा परीक्षण उडान गरेको छ । यस्तै श्रावण १९ र २० गते रूकुम र भोजपुर, श्रावण २१ र २२ गते बाजुरा र तुम्लिङ्टारमा वाई१२ई विमानबाट परीक्षण उडान गरिने छ । अधिकतम क्षेत्रमा आन्तरिक उडान गर्ने व्यवस्था गरी निगमले पर्यटन प्रर्वद्धनमा थप योगदान पुऱ्याउने लक्ष्य लिएको छ ।

OPERATIONS DEPARTMENT

Flight Performance Report

for the month of Jestha and Ashad 2076

FLEET/MONTH		B757 9N-ACB		A330 9N- ALY		A330 9N- ALZ		A320 9N-AKW		A320 9N-AKX		OVERALL	
PARTICULARS		JESTHA	ASHAD	JESTHA	ASHAD	JESTHA	ASHAD	JESTHA	ASHAD	JESTHA	ASHAD	JESTHA	ASHAD
FROM KTM STATION													
PROPOSED			0	45	43	37	34	51	47	47	50	180	174
OPERATION	SAME DAY		0	35	40	47	37	47	47	51	50	180	174
	NEXT DAY		0	0	0	0	0	0	0	0	0	0	0
AIRCRAFT CHANGED	TO OTHER		0	19	16	9	13	4	12	0	12	32	53
	FROM		0	9	13	19	16	0	12	4	12	32	53
ON TIME			0	28	30	36	23	14	14	20	29	98	96
DELAYED			0	7	10	11	14	33	33	31	21	82	78
POSTPOND/ CANCELLED						0	0	0	0			0	0
REASON FOR DELAY AT KTM													
MARKETING/CUSTOMER SERVICE			0	0	0	0	1	2	0	1	0	3	1
ENGINEERING			0	2	3	0	2	1	1	1	2	4	8
OPERATIONS			0	0	0	0	0	0	0	0	0	0	0
FINANCE			0					0	0	0	0	0	0
TRANSPORT			0	0	0	0	0	0	1	0	0	0	1
WEATHER/NOTAM			0	0	1	0	0	0	1	0	0	0	2
IMMIGRATION			0	0	0	0	0	1	0	0	0	1	0
SUBSEQUENT			0	0	0	0	1	3	2	4	0	7	3
Ground Support			0					0	0	0		0	0
KTM ATC			0	0	2	2	0	5	3	5	4	12	9
NOC			0	0	0	0	1	0	0	0	0	0	1
OTHER			0	5	4	9	9	21	12	20	15	55	40
FLIGHT PERFORMANCE (%)													
RELIABILITY			**0.00**	**100.00**	**100.00**	**100.00**	**100.00**	**100.00**	**100.00**	**100.00**	**100.00**	**100.00**	**100.00**
PUNCTUALITY			**0.00**	**80.00**	**75.00**	**76.60**	**62.16**	**29.79**	**29.79**	**39.22**	**58.00**	**54.44**	**55.17**

COMMERCIAL DEPARTMENT

TRAFFIC AND REVENUE PERFORMANCE OF DOMESTIC & INTERNATIONAL STATIONS

AS OF JESTHA & ASHADH 2076

Region	Chaitra 2075				Baisakh 2076				Total in Two Months	
	Total Revenue Passenger Flown	Passenger Revenue	Freight Revenue	Total	Total Revenue Passenger Flown	Passenger Revenue	Freight Revenue	Total	Grand Total Passenger Flown	Grand Total Revenue in NPR
Central Region (DHC-6)	1,510	8,190,164	37,024	8,227,188	652	3,405,076	30,189	3,435,265	2,162	11,662,453
Eastern Region (DHC-6)	252	1,373,013	4,485	1,377,498	142	708,341	2,077	710,418	394	2,087,916
Western Region (DHC-6)	457	2,433,737	34,580	2,468,317	245	1,220,630	14,370	1,235,000	702	3,703,317
MA 60	4,800	12,267,479	300,160	12,567,639	3,826	10,429,116	212,839	10,641,955	8,626	23,209,594
Y 12 E	-	-	-	-	172	1,304,449	0	1,304,449	172	1,304,449
Domestic Total	7,019	24,264,393	376,249	24,640,642	5,037	17,067,612	259,475	17,327,087	12,056	41,967,729
KTM-DXB	2870	79,463,740	1,569,483	81,033,223	4,055	99332481	3,159,342	102,491,823	6,925	183,525,046
DXB-KTM	3543	85,307,736	1,637,136	86,944,872	4,096	103427892	1,838,097	105,265,989	7,639	192,210,861
KTM-DEL	13011	169,998,452	896,501	170,894,953	12,248	147590836	782,052	148,372,888	25,259	319,267,841
DEL-KTM	12890	160,484,144	3,928,622	164,412,766	9,632	72468372	3,836,648	76,305,020	22,522	240,717,786
KTM-BOM	2143	38,343,366	84,000	38,427,366	1,922	29559724	115,332	29,675,056	4,065	68,102,422
BOM-KTM	2040	36,340,480	1,664,250	38,004,730	1,481	18064972	1,020,382	19,085,354	3,521	57,090,084
KTM-BLR	2153	34,877,736	128,316	35,006,052	1,950	28972900	7,333,620	36,306,520	4,103	71,312,572
BLR-KTM	2061	26,580,952	227,430	26,808,382	1,658	16534356	220,358	16,754,714	3,719	43,563,096
KTM-KUL	1737	32,397,474	342,153	32,739,627	1,713	30145126	109,431	30,254,557	3,450	62,994,184
KUL-KTM	1885	31,273,770	357,782	31,631,552	1,769	31135663	486,071	31,621,734	3,654	63,253,286
KTM-DOH	7832	166,829,164	610,474	167,439,638	6,574	113951648	1,298,824	115,250,472	14,406	282,690,110
DOH-KTM	7694	116,639,388	1,547,030	118,186,418	8,233	171727116	1,322,176	173,049,292	15,927	291,235,710
KTM-BKK	1729	14,204,548	376,792	14,581,340	1,531	18630322	215,752	18,846,074	3,260	33,427,414
BKK-KTM	1544	30,146,528	1,688,064	31,834,592	1,360	30229320	730,104	30,959,424	2,904	62,794,016
KTM-HKG	1702	49,376,716	1,759,368	51,136,084	1,141	32533118	1,063,288	33,596,406	2,843	84,732,490
HKG-KTM	1301	41,385,928	3,207,400	44,593,328	1,489	44452722	3,277,540	47,730,262	2,790	92,323,590
Intl. Total	66135	1,113,650,122	20,024,801	1,133,674,923	60,852	988,756,568	26,809,017	1,015,565,585	126,987	2,149,240,508
Grand Total	73,154	1,137,914,515	20,401,050	1,158,315,565	65,889	30,229,320	730,104	1,032,892,672	139,043	2,191,208,237

Continuing Airworthiness Management Department

OPERATION STATISTICS OF AIRCRAFT

May-June2019

Particulars	Aircrafts													
	B757-200		A330		A320		DHC-6		MA-60		Y12E			
Aircraft Registration No.	9N-ACA	9N-ACB	9N-ALY	9N-ALZ	9N-AKW	9N-AKX	9N-ABT	9N-ABU	9N-AKQ	9N-AKR	9N-AKS	9N-AKT	9N-AKU	9N-AKV
No of Flight	N/A	AOG	158	159	184	187	151	214	AOG	224	AOG	AOG	41	19
Total Flight Hours (HRs:MM)			513:17	500:40	528:34	477:41	116:58	167:13		184:55			22:25	17:52